# आकाशवाणी समाचार- नेपाली

मितिः १६ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- निर्वाचन आयोगले मापदण्ड उल्लङ्घन गरेको आरोपमा चार सय 74 पंजीकृत गैर-मान्यता प्राप्त राजनीतिक दलहरूलाई सूचीबाट हटाएको छ।
- उपभोक्ता कार्य, खाद्य अनि सार्वजनिक वितरण मंत्रालयले वस्तु अनि सेवा करको नयाँ दरहरुलाई ध्यानमा राख्दै संशोधित परामर्श जारी गरेको छ ।
- पश्चिम बंगाल स्कूल सर्विस कमीशन भर्ती घोटालासित सम्बन्धित मामलाहरुबारे आज देखि ट्रायल प्रक्रिया शुरू भएको छ ।
- राज्य सरकारको तर्फबाट सिलगडी साथै राज्यभरिकै विभिन्न पूजा कमिटिहरुलाई अनुदान सुम्पिने कार्य शुरू गरिएको छ ।
- यसपाली पनि खरसाङमा पर्यटनको लागि खरसाङ विन्टर रन आयोजना गरिने भएको छ।

## निर्वाचन आयोग- राजनैतिक पार्टी

निर्वाचन आयोगले मापदण्ड उल्लङ्घन गरेको आरोपमा चार सय 74 पंजीकृत गैर-मान्यता प्राप्त राजनीतिक दलहरूलाई सूचीबाट हटाएको छ। यी पार्टीहरूले 2019 देखि एउटा पनि चुनाव लडेका छैनन्, जसका कारण आयोगले यो निर्णय लिईएको हो।यस प्रक्रियाको पहिलो चरणमा, आयोगले गत महिना तीन सय 34 पंजीकृत गैर-मान्यता प्राप्त राजनीतिक दलहरूलाई सूचीबाट हटाएको थियो। आयोगले पछिल्लो दुई महिनामा आठ सय आठ पंजीकृत गैर-मान्यता प्राप्त राजनीतिक दलहरूलाई सूचीबाट हटाएको छ। आयोगले भनेको छ तीन सय 59 यस्ता पंजीकृत गैर-मान्यता प्राप्त राजनीतिक दलहरूको पहिचान गरिएको छ जसले विगत तीन वित्तीय वर्षमा तोकिएको समयावधि भित्र आफ्नो वार्षिक लेखापरीक्षण गरिएको हिसाब बुझाएका छैनन्।यी दलहरू देशभरिका 23 विभिन्न राज्य र केन्द्र शासित प्रदेशका हुन्। आयोगले सम्बन्धित राज्य र केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन कार्यालयहरूलाई यी दलहरूलाई कारण बताओ नोटिस जारी गर्न निर्देश दिएको छ।

## जी.एस.टी.-परामर्श

उपभोक्ता कार्य, खाद्य अनि सार्वजनिक वितरण मंत्रालयले वस्तु अनि सेवा करको नयाँ दरहरुलाई ध्यानमा राख्दै संशोधित परामर्श जारी गरेको छ । नयाँ जी.एस.टी. दरहरु आगामी सोमवार देखि लागू हुनेछ । परामर्श अनुसार विनिर्माताहरु , पैकर्स अनि आयातकहरुले 22 सितम्बर भन्दा पुर्व विनिर्मित अनि बिक्री नभएको पैकेजमा संशोधित मूल्यको स्टिकर लगाउन सक्नेछन् तर पैकेजमा अघिबाटै छापिएको अधिकतम खुदरा मूल्य स्पष्ट रुपमा देखिनु पर्नेछ । मंत्रालयले परामर्शमा जी.एस.टी. संशोधन लागू हुनु भन्दा पहिलाको पैकेजिंग सामग्री वा रैपरहरु आगामी वर्षको मार्च महिना सम्म वा पुरानो स्टॉक समाप्त नभएसम्म उपयोगको अनुमति दिएको छ । परामर्शमा अझ भनिएको छ कि कम्पनिहरुले नया स्टिकर लगाएर वा पैकेजको कुनै उपयुक्त स्थानमा प्रिंट गरेर अधिकतम खुदरा मूल्यलाई सच्चाउन सक्नेछन् । सरकारले डीलरहरु , खुदरा विक्रेताहरु अनि उपभोक्ताहरुलाई संशोधित जी.एस.टी. दरहरु बारे सूचित गर्नको लागि विनिर्माताहरु , पैकर्स अनि आयातकहरुहरुलाई समुचित उपाय गर्न भनेको छ । यसको लागि इलेक्ट्रॉनिक, प्रिंट अनि सोशल मीडिया लगायत सबै सम्भव संचार माध्यमहरुको उपयोग गर्न सकिनेछ । मंत्रालयका अनुसार यस पहलले व्यापार सुगमता अनि उपभोक्ताहरुको हित संरक्षित गर्ने प्रयासहरुमा संतुलन बन्नेछ साथै यो पनि सुनिश्चित हुनेछ कि उद्योगहरुमा अनुपालनको अधिक बोझ नपरोस् अनि जी.एस.टी. दरहरुमा कटौतीको लाभ उपभोक्ताहरु सम्म पुगोस् ।

**WBSSC भर्ती घोटा**

पश्चिम बंगाल स्कूल सर्विस कमीशन (WBSSC) भर्ती घोटालासित सम्बन्धित मामलाहरुबारे आज देखि ट्रायल प्रक्रिया शुरू भएको छ। विशेष अदालतमा सीबीआई द्वारा दर्ता मामलाहरुको सुनवाई अन्तर्गत  गवाहीहरुको बयान दर्ता गरिंदैछ। यो प्रक्रिया भोली शनिवार अनि  सोमवार पनि जारी रहनेछ। सुत्रहरु अनुसार, सीबीआईले जुन मामलाहरुमा चार्जशीट अनि सप्लीमेंट्री चार्जशीट दर्ता गरेको छ त्येस बारे साक्षीहरुको बयान दर्ता गरिंदैछ। जुन मामलाहरुमा सुनवाई शुरू भएको छ ,त्येसमा माध्यमिक, उच्च माध्यमिक अनि अपर प्राइमरी स्तरका शिक्षकहरुको भर्ती साथै ग्रुप-सी अनि ग्रुप-डी श्रेणीका गैर-शिक्षण कर्मचारिहरुको नियुक्ति सामेल छन्। स्मरण रहोस् कि यस बर्षको आरम्भमा सुप्रीम कोर्टको खंडपीठले  वर्ष 2016 को WBSSC पैनलबाट चुनिएका 25 हजार 753 नियुक्तिहरु रद्द गरिदिएको थियो। त्येस पछि यसै महिना माध्यमिक अनि उच्च माध्यमिक शिक्षकहरुको रिक्त पदहरु भर्नको लागि नयाँ भर्ती परीक्षा पनि गराईयो। WBSSC घोटालाको जांच दुई केंद्रीय एजेंसिहरु —सीबीआई अनि प्रवर्तन निदेशालयले समानांतर रूपमा गरिरहेको छ। यस मामलाको अझ एक पक्ष् राज्यको प्राथमिक शिक्षकहरुको भर्तीसित सम्बन्धित छ जसको जिम्मेवारी पश्चिम बंगाल प्राइमरी एजुकेशन बोर्डको हो। यी मामलाहरुमा चार्ज तय गर्ने प्रक्रिया कहिले पुरा हुनेछ अनि ट्रायल कहिले शुरू हुनेछ यो अहिले स्पष्ट छैन तर यी मामलाहरुमा पनि पार्थ चटर्जीलाईनै मुख्य आरोपितको रूपमा चिन्हित गरिएको छ।

**पूजा कमिटि- अनुदान**

राज्य सरकारको तर्फबाट सिलगडी साथै राज्यभरिकै विभिन्न पूजा कमिटिहरुलाई अनुदान सुम्पिने कार्य शुरू गरिएको छ। आज सिलगडीका पुलिस कमिश्नर सी. सुधाकरले पनि बिभिन्न क्लबका सदस्यहरुलाई पूजा अनुदानको चेक सुम्पिएका छन्। मुख्यमंत्री ममता बनर्जीले यस  वर्ष प्रत्येक क्लबलाई 1 लाख 10 हज़ार रुपियाको वित्तीय सहायता दिने घोषणा गर्नुभएको थियो। आज सिलगडीका पुलिस कमिश्नर सी. सुधाकरले शहरको मायादेवी अनि सेंट्रल कॉलोनी सहित बिभिन्न क्लबहरुमा गएर आयोजकहरुलाई पूजा अनुदानको चेक सुम्पिनुभयो। यस अवधि पुलिस कमिश्नर सी. सुधाकरले सिलगडी पुलिस कमिश्नरेट अंतर्गत क्लबहरुमा आज देखि अनुदान चेक सुम्पिने प्रक्रिया शुरू भएको बताउनुभयो। उहाले अझ भन्नुभयो – पहिलो पल्ट शहरका महिलाहरु द्वारा संचालित दुर्गा पूजा कमिटिहरु मद्धे सर्वश्रेष्ठ तीन पूजा कमिटिहरुलाई प्रथम, द्वितीय अनि तृतीय पुरस्कार द्वारा पुरस्कृत गरिनेछ।

**खरसाङ विन्टर रन**

यसपाली पनि खरसाङमा पर्यटनको लागि खरसाङ विन्टर रन आयोजना गरिने भएको छ। गत वर्ष दिगो पर्यटनको लागि दिसम्बर 2024 मा खरसाङ विन्टर रन आयोजना गरिएको थियो भने यसपाली उत्तरदायी पर्यटनको लागि आगामी 9 नोभेम्बर 2025 मा खरसाङ विन्टर रन आयोजना गरिने भएको छ।

***गत वर्ष पहिलो पटक खरसाङ विन्टर रन एक दिवसीय रुपमा आयोजना गरिएको थियो भने यसपाली खरसाङ विन्टर रन दुई दिवसीय रुपमा उत्तरदायी पर्यटनको लागि उद्देश्यका साथमा 8 अनि 9 नोभेम्बरमा आयोजना गरिने भएको छ। खरसाङ विन्टर रनलाई लिएर आज खरसाङमा पहिलो सभा सम्पन्न भएको छ। सभामा खरसाङ महकुमा शासक आईएएस बिन्दबासिनी तेजा दिपक, सभासद श्याम शेर्पा, डीएफओ देवेस पाण्डे, खरसाङ पञ्चायत समितिकका कर्माध्यक्ष भक्तिमान तामाङ अनि मौसम तामाङ, विद्युत् विभाग खरसाङका डिभिजनल म्यानेजर सन्दीप तामाङ, खरसाङ महकुमा खेलकूद संघका सचिव निर्मल गुरुङ लगायत खरसाङ एसोसिएसन फर टुरिज्म एण्ड कन्जरभेशनको टोली, खरसाङ एथलेटिक्स क्लब, खरसाङ गोर्खे हाट, वन विभाग, प्रेस क्लब अफ् खरसाङ आदिका प्रतिनिधिहरु उपस्थित रहेका थिए। सभामा दोस्रो खरसाङ विन्टर रन आयोजना विषयमा चर्चा परिचर्चा गरिएको छ।***

**दोस्रो मनबहादुर गुरुङ स्मृति सम्मान**

आगामी 24 सितम्बरको दिन सोनादा डिग्री कलेज अनि स्वर्गीय मनबहादुर गुरुङ स्मृति प्रतिष्ठानको तत्वावधानमा सोनादास्थित न्यु लाइट क्लबको प्रेक्षागृहमा मनबहादुर गुरुङ स्मृति अन्तर विद्यालय तर्क प्रतियोगिता साथै दार्जीलिङका विशिष्ट नाटककार  जीवन गुरुङलाई मनबहादुर गुरुङ स्मृति नाट्य सम्मानले सम्मानित गरिने जानकारी प्राप्त भएको छ।

**मौसम**

पूजाको महीना शुरू भैसकेको छ तर बंगालको खाड़ीमा सक्रिय चक्रवातीय परिसंचरणको कारण राज्यमा बर्षको क्रम जारी छ। चक्रवातको करण  उत्तर बंगालमा भारी वर्षाको संभावना बनीरहेको छ  जबकि दक्षिण बंगालमा बिजुली चम्किने अनि गर्जनसाथ हल्का वर्षा हुने सम्भावना छ । मौसम विभागका अनुसार भोली शनिवारदार्जिलिंग, कालेबुङ , कोचबिहार, जलपाईगडी अनि अलीपुरद्वार जिल्लामा भारी बर्षाको  सम्भावना ब्येक्त गरिएको छ। उत्तर बंगालको बिभिन्न भागहरुमा गर्जन साथ वर्षा हुने सम्भावना छ भने दक्षिण बंगालमा शनिवार अनि आईतबार दक्षिण 24 परगना, पूर्व अनि पश्चिम मिदनापुर , बीरभूम अनि  मुर्शिदाबादमा अलर्ट जारी गरिएको छ।

**अनुज्ञालय दार्जीलिङ**

बाल सुरक्षा तथा बाल अधिकारमाथि सशक्त रहेको एनजीओ अनुज्ञालय दार्जीलिङ डायोसिस सोसियल सर्विस सेन्टर -को तत्वावधानमा आयोजित विशेष कार्यक्रम बिच सुके सिमाना ग्राम पञ्चायत तथा पोखे्रबोङ ग्राम पञ्चायतमा रहेका स्टेकहोल्डरहरूलाई आज  सम्वर्द्धना तथा सम्मानित गरियो। सुकेपोखरी गुम्बा लाइनमा सम्पन्न कार्यक्रमको अध्यक्षता खण्ड विकाश अधिकारी अर्घ्य गुहाले गरेका थिए भने प्रमुख तथा विशिष्ठ अतिथिहरूमा प्रशासनिक अधिकारी,सिडिपिओ, स्वास्थ्य बिभागीय अधिकारी आदिको विशेष उपस्थिति थियो। कार्यक्रममा एनजीओसित  प्रत्यक्ष वा परोक्ष रूपमा आवद्ध रहेर सहकार्य गर्दै आएका प्रशासन, स्वास्थ्य बिभाग,खण्ड विकाश कार्यलय,पञ्चायत सचिव, सङ्घ संस्था सङ्गठन, सरकारी र निजी विद्यालयहरू,आईसीडिएस कर्मि,आशा कर्मी, उपस्वास्थ्य केन्द्रका ए एन एम आदिलाई खदार्पण गरि सम्वर्द्धना पत्र   तथा स्मृति चिन्ह प्रदान गरियो।

**सहिद वेदीको अनावरण**

सचेत युवा समुह बिजनबारी क्षेत्रको पहलमा दार्जिलिङ पुलबजार खण्डको झेपी ग्राम स्थित झेपी खेल मैदान नजिकै निर्माण हुन लागेको सहिदहरुको सालिक एव सहिद वेदीको अनावरण आगामी आइतबार गरिने आयोजक समितिले जनाएको छ। जसमा २०१७ को गोर्खाल्यान्ड आन्दोलनको क्रममा बिजनबारी क्षेत्रबाट सहिद बनेका तीनजना शहीदहरू क्रमैले रेलिङ ग्राम पन्चायत निवासी महेश गुरुङ, कैजले ग्राम निवासी सुनिल राई तथा गोक एक ग्राम निवासी विमल सासकरको सालिक सगै गोर्खाल्यान्ड आन्दोलनको क्रममा शाहीद बनेका शहिदहरुको सहिद वेदी सामेल छन।